Laxmi Laghubitta bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.
(लक्ष्मी सन्राइज बैंक लि. को सहायक कम्पनी)
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्था)

प.स.एलएक्सएलबी /कस/२०८२/८३ १५५०२ मिति २०८२/१०/०४

श्री नेपाल स्टक एक्सचेन्ज लि.
युएनआई, शान्तीमार्ग भद्रकाली, काठमाडौं ।
नेपाल ।

**विषय : चौधौं वार्षिक साधारण सभाको विवरण (माइन्यूट) पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८२/०९/२९ गते मंगलवार विहान ११ :०० बजे अग्रवाल भवन कमलपोखरी काठमाडौंमा सम्पन्न आर्थिक वर्ष २०८१/८२ को १४औं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण/निर्णय पुस्तिका यसै पत्र साथ **संलग्न** गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**संलग्न : १४औं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)**

भवदीय,

(सुन्दर प्रसाद श्रेष्ठ )
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
कम्पनी सचिव

Laxmi Laghubitta Bittiya Sanstha Limited
लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड

Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

# चौधौं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्युट)

२०८२ पौष २९ गते, मंगलवार

लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड
महाराजगञ्ज, काठमाडौं

## चौधौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण
## (माईन्युट)

**१. बैधानिक सभाः**

कम्पनी ऐर्न २०६३ र संस्थाको नियमावली बमोजिम लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडको चौधौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अपछ कुमार यादवको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२. सभा भएको मिति, समय र स्थानः**

मितिः २०८२ पौष २९ गते मंगलवार (१३ जनवारी २०२६)

समयः बिहान ११ बजे

स्थानः अग्रवाल भवन, कमलपोखरी, काठमाडौं

**३. सभाको सूचना :**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम साधारण सभा हुने २१ दिन अगावै सभा हुने मिति, समय, स्थान र छलफल गर्ने बिषयहरु उल्लेख गरी शेयरधनीहरुलाई सूचना पठाईएको थियो । साधारण सभा सम्बन्धी व्यहोराको प्रथम पटकको सूचना २०८२ पौष ८ गते ***आर्थिक अभियान राष्ट्रिय दैनिकमा*** प्रकाशित गरिएको थियो । त्यस्तै गरी दोश्रो पटकको सूचना २०८२ पौष १३ गतेको ***अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा*** समेत प्रकाशन गरिएको थियो । साधारण सभा सम्वन्धि सूचना संस्थाको वेवसाईटमा पनि अपलोड रहेको थियो । साथै शेयरधनीहरुलाई SMS बाट पनि साधारण सभा सम्बन्धी जानकारी पठाईएको थियो ।

**४. छलफलका लागि प्रस्तावित बिषयहरु :**

**क) सामान्य प्रस्ताव :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात तथा आ.व.२०८१/८२ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचिहरु छलफल गरी स्वीकृत गर्ने ।

३) वित्तीय संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व.२०८२/८३ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) बिशेष प्रस्ताव :**

१) लक्ष्मी लघुवित्त वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि उपयुक्त लघुवित्त संस्था पहिचान गर्ने, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्त गरी पारिश्रमिक तोक्न तथा सहमतीपत्रमा हस्ताक्षर गर्ने तथा यस सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**ग) विविध**

Laxmi Laghubitta Bittiya Sanstha Limited लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड

**५. सभाको सञ्चालन :**

सभाको सञ्चालन संस्थाका सञ्चालन विभाग प्रमुख श्री माधव प्रसाद शर्माले गर्नु भएको थियो ।

**६. उपस्थिति : चौधौं वार्षिक साधारण सभामा सञ्चालकहरुको उपस्थिती निम्न अनुसार रहेको थियो ।**

| क्र.सं | उपस्थित सञ्चालकहरुको नाम | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | श्री अपछ कुमार यादव | अध्यक्ष | लक्ष्मी सन्राइज बैंक लि. | - |
| २ | श्री अमीत शर्मा | सञ्चालक | लक्ष्मी सन्राइज बैंक लि. | - |
| ३ | श्री सुमन प्रसाद गेलाल | सञ्चालक | लक्ष्मी सन्राइज बैंक लि. | |
| ४ | श्रीमती ममता पराजुली | सञ्चालक | लक्ष्मी सन्राइज बैंक लि. | - |
| ५ | डा.गणेश भट्टराई | सञ्चालक | सर्वसाधारण शेयरधनी | - |
| ६ | श्रीमती सबिना उपाध्याय | सञ्चालक | सर्वसाधारण शेयरधनी | - |
| ७ | श्री सुरज श्रेष्ठ | सञ्चालक | स्वतन्त्र | - |

**संस्थाका पदाधिकारीको उपस्थिती :** प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव श्री सुन्दर प्रसाद श्रेष्ठ र अन्य कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

**७. गणपुरक संख्या :**

| जम्मा विक्री भएको शेयर कित्ता संख्या | उपस्थिति | | | | | | जम्मा शेयर कित्ताको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | स्वयं उपस्थित भई प्रतिनिधित्व गरेको शेयर कित्ता | स्वयं उपस्थित शेयरधनी संख्या | प्रतिनिधि (प्रोक्सी) मार्फत प्रतिनिधित्व गरेको शेयर संख्या | प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित शेयरधनी संख्या | भर्चुअल माध्यमबाट उपस्थित भै प्रतिनिधित्व गरेको शेयर कित्ता संख्या | भर्चुअल माध्यमबाट उपस्थित शेयरधनी संख्या | |
| ४४,१६,६२१ | ३१,१७,५४५ | १५० | - | - | - | - | ७०.५८% |

**८. सभाको वैधानिकता तथा अध्यक्षता :**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार पब्लिक कम्पनीको बार्षिक साधारण सभा गर्नको निमित्त कम्तीमा एक्काईस दिन अगावै शेयरधनीहरुलाई निजहरुले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा सभा हुने मिति, समय, स्थान र छलफल गर्ने बिषय उल्लेख गरी सूचना पठाउनु पर्ने र सो कुराको सूचना कम्तीमा दुईपटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गर्नु पर्ने प्राबधान रहेको छ । उक्त व्यवस्था अनुरुप नै यस संस्थाले प्रथम पटक मिति २०८२ पौष ८ गते ***आर्थिक अभियान राष्ट्रिय दैनिक*** र दोश्रो पटक मिति २०८२ पौष १३ गतेको ***अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक*** पत्रिकामा साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने बिषय खोली सूचना प्रकाशीत गरिएको थियो । त्यसै बमोजिमको सूचना शेयरधनी महानुभावहरुलाई पनि निजहरुले कम्पनीलाई उपलब्ध गराएको

ठेगानामा पठाईएको थियो । साधारण सभा सम्वन्धि सूचना संस्थाको वेवसाईटमा पनि अपलोड रहेको थियो भने शेयरधनीहरुलाई SMS बाट पनि साधारण सभा सम्बन्धी जानकारी पठाईएको थियो ।

त्यस्तै, सभाको गणपुरक संख्या सम्बन्धमा कम्पनी ऐनको दफा ७३ (२) अनुसार कम्पनीको नियमावलीमा गणपुरक संख्याको लागि बढी संख्या तोकिएकोमा बाहेक पब्लिक कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु उपस्थिति हुनुपर्ने व्यबस्था रहेकोछ । यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २३ मा "बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुने छैन्" भन्ने व्यबस्था रहेकोछ । उपरोक्त व्यवस्था अनुरुप नै कम्पनीको यस वार्षिक साधारण सभामा राखिएको शेयरधनीको उपस्थिति पुस्तिका अनुसार बाँडफाँड भएको कुल शेयर संख्या ४४,१६,६२१ कित्ताको ७०.५८ प्रतिशत प्रतिनिधित्व हुने गरी १५० जना शेयरधनीहरु स्वयम् उपस्थिती भएको पाईएको हुंदा गणपुरक संख्या पुगेको र कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम सभा रीतपुर्वक बोलाईएकोले यो सभा बैधानिक रहेको ब्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

तत्पश्चात कम्पनी सचिवले कम्पनी ऐनको दफा ७४ (१) बमोजीम साधारण सभाको अध्यक्षता गर्न सञ्चालक समितिका अध्यक्षलाई अनुरोध गर्नु भए बमोजीम सञ्चालक समितिका अध्यक्ष श्री अपछ कुमार यादवले सभाको अध्यक्षता ग्रहण गर्नु भयो ।

**९. स्वागत मन्तव्य :**

संस्थाका प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव श्री सुन्दर प्रसाद श्रेष्ठले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, अतिथि तथा अन्य महिला तथा सज्जनबृन्दलाई स्वागत गर्दै लघुवित्त क्षेत्रमा देखिएका चुनौतीहरुको कारण संस्थाले अपेक्षित लक्ष्य हासिल गर्न नसकेको साथै ती चुनौतीहरुको सामना गर्न विभिन्न रणनीतिहरु तय गरी संस्थाले लिएको लक्ष्य प्राप्तीको लागि सम्पूर्ण ब्यवस्थापन तथा कर्मचारीहरुको समुह प्रतिवद्ध भै निरन्तर रुपमा लागिरहेको ब्यहोरा सभामा जानकारी गराउनु भएको थियो ।

तत्पश्चात साधारण सभाको काम कारवाही अघि वढाउन कम्पनी सचिवले सभाका अध्यक्षलाई अनुरोध गर्नु भयो र अध्यक्षले सभाको काम कारवाही अघि वढाउनु भयो ।

**१०. बार्षिक प्रतिबेदनको प्रस्तुति :**

वार्षिक साधारण सभाका अध्यक्ष श्री अपछ कुमार यादवले उपस्थित शेयरधनी एवम् अन्य महानुभावहरुलाई स्वागत गर्दै आ.व. २०८१/८२ को सञ्चालक समितिको प्रतिबेदन प्रस्तुत गर्नु भयो र शेयरधनी महानुभाबहरुको अमूल्य राय, सल्लाह, सुझाव सहित छलफलका लागि आग्रह गर्नु भयो ।

**११. साधारण सभामा शेयरधनीको प्रतिक्रिया तथा सुझावहरु :**

चौधौं वार्षिक प्रतिबेदन माथिको छलफलमा साधारण सभामा उपस्थित हुंदै शेयरधनीहरु श्री गोविन्द बहादुर के.सी., श्री युगल बसेल र श्री लक्ष्मण बहादुर श्रेष्ठले निम्न प्रतिक्रिया, सुझाव तथा जिज्ञाशाहरु सभामा राख्नु भएको थियो ।

Laxmi Laghubitta Bittiya Sanstha Limited
लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड

- आगामी वर्ष वार्षिक साधारण सभालाई मंसिर महिना वा पौषको पहिलो हप्ता भित्र सम्पन्न गरी सक्ने तवरबाट वित्तीय विवरणहरु स्वीकृती गराउने तर्फ व्यवस्थापनले काम गर्नु पर्ने ।
- बर्तमान अवस्थामा लघुवित्त कार्यक्रम सम्बन्धी विभिन्न भ्रमहरु सिर्जना गरी कर्मचारीहरुमा डर त्रासको वातावरण सिर्जना भएको हुंदा कर्मचारीहरुलाई विभिन्न तालिम तथा क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी कर्मचारीको मनोवल उच्च राख्ने तथा क्षमता विकाश गर्ने तर्फ काम गर्नु/गराउनु पर्नेमा जोड दिनु पर्ने ।
- शेयरधनीहरुले लाभांशको समेत अपेक्षा गर्ने हुंदा संस्थाले आगामी वर्षमा लाभांश प्रदान गर्न सक्ने हिसावबाट कारोवार बृद्धि तथा कर्जाको गुणस्तर सुधार तर्फ ध्यान दिनु पर्ने ।
- कम्पनीको वार्षिक प्रतिवदेनमा सञ्चालन खर्च अधिक देखिएकोले खर्चलाई मितव्ययीता अपनाएर कम गर्नु पर्ने ।
- आगामी दिनमा संस्थाले वर्तमान चुनौतीहरुको सामना गर्दै लक्ष्य प्राप्तीमा सफलता हासिल गर्न सकोस भन्ने शुभकामना समेत ब्यक्त गर्नु भएको थियो ।

**१२. शेयरधनीले प्रकट गर्नुभएको प्रतिक्रिया एवम सुझावहरुको जवाफ :**

साधारण सभामा व्यक्त गर्नु भएको भनाईहरुका लागि शेयरधनी श्री गोविन्द बहादुर के.सी.लगायत सुझाव टिपोट गराउने शेयरधनी श्री युगल बसेल र श्री लक्ष्मण बहादुर श्रेष्ठ लाई अध्यक्षज्युले धन्यबाद दिदै शेयरधनीले प्रदान गर्नु भएका सुझाव अनुसार संस्थाको सञ्चालक समिति र ब्यवस्थापन टीमले यथासम्भव कार्यान्वयनमा लैजाने प्रतिवद्धता ब्यक्त गर्नु भयो ।

यस पश्चात अध्यक्षले साधारण सभाका प्रस्तावहरु छलफल तथा निर्णयको लागि सभामा पेश गर्नु भएको थियो ।

**१३. सभाको निर्णयहरु:**

**(क) सामान्य प्रस्ताब सम्बन्धी निर्णय :**

**प्रस्ताव नं. १.** सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

**निर्णय :** सञ्चालक समितिको तर्फबाट चौधौं वार्षिक साधारण सभामा प्रस्तुत अध्यक्ष ज्यूको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि अध्यक्ष ज्यूले साधारण सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सो प्रतिबेदन सर्वसम्मतिबाट अनुमोदन गरी पारीत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.** लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात तथा आ.व.२०८१/८२ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचिहरु छलफल गरी स्वीकृत गर्ने ।

**निर्णय :** लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात तथा मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विवरणहरु पारीत गरियोस भनी अध्यक्ष ज्यूले साधारण सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित लेखापरीक्षकको प्रतिबेदन सहितको वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारीत गऱ्यो ।

Laxmi Laghubitta Bittiya Sanstha Limited लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड

**प्रस्ताव नं. ३.** वित्तीय संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व.२०८२/८३ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

यस संस्थाको आर्थिक वर्ष २०८२/८३ को बैधानिक लेखापरीक्षण गर्नको लागि तपशिलका तीन वटा Chartered Accountants फर्महरुको ईच्छा पत्र प्राप्त भएको थियो ।

| क.सं. | फर्मको नाम | पेशागत पारिश्रमिक (मु.अ.कर बाहेक) रु. | यातायात तथा अन्य खर्च |
|---|---|---|---|
| १ | N.B.S.M. & Associates | ५,००,०००।- | नलाग्ने |
| २ | C. M. & Associates | ५,२५,०००।- | वास्तविक विल अनुसार |
| ३ | D. G. B. A. & Associates | ५,३५,०००।- | वास्तविक विल अनुसार |

विभिन्न ३ वटा फर्महरुको ईच्छा पत्र प्राप्त भए अनुसार लेखापरीक्षण समितिको मिति २०८२ पौष १३ गते बसेको ७२ औं बैठकले आ.व. २०८२/८३ को बैधानिक लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कर लेखापरीक्षण, कम्पनी ऐनको दफा ७८ अनुसारको विवरण प्रमाणीकरण, नेपाल धितोपत्र बोर्डको वार्षिक प्रतिवेदन विवरण र DCGF संग सम्बन्धित विवरण प्रमाणित गर्नको लागि कम्पनी ऐन २०६३ दफा १६५ (घ) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६१ (ङ) बमोजिम साधारण सभामा सिफारिस गरेको छ ।

आ.व. २०८२/८३ को बैधानिक लेखापरिक्षण गर्न ईच्छा पत्र प्राप्त फर्महरु मध्ये कुनै एक फर्मलाई साधारण सभाले पारित गर्नु पर्ने हुंदा आ.व. २०८१/८२ का लेखापरिक्षक N.B.S.M. & Associates Chartered Accountants पुनः नियुक्तीको लागि समेत योग्य रहेको, तुलनात्मक रुपमा अन्य संस्थाको भन्दा लागत पनि न्युन रहेको हुंदा आ.व.२०८२/८३ को लेखापरिक्षकको रुपमा N.B.S.M. & Associates Chartered Accountants लाई रु.५,००,०००/ (मूल्य अभिवृद्धि कर वाहेक) पारिश्रमिक दिने गरी लेखा परीक्षकमा नियुक्त गर्ने प्रस्ताव पेश गर्नु भयो ।

**निर्णय :** चौधौं वार्षिक साधारण सभामा लेखापरीक्षण समितिबाट सिफारीस भए अनुसार नै आ.व.२०८२/८३ को लेखापरीक्षण गर्नको लागि N.B.S.M. & Associates, Chartered Accoutants लाई आ.व. २०८२/८३ को लागि लेखापरीक्षकमा नियुक्त गर्ने तथा निजको पारिश्रमिक रु.५,००,०००/(मूल्य अभिवृद्धि कर वाहेक) उपलब्ध गराउने सम्बन्धी निर्णय सर्वसम्मतीले पारीत गऱ्यो ।

**ख) विशेष प्रस्ताव सम्बन्धी निर्णय :**

**प्रस्ताव नं. १.** लक्ष्मी लघुवित्त वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि उपयुक्त लघुवित्त संस्था पहिचान गर्ने, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्त गरी पारिश्रमिक तोक्न तथा सहमतीपत्रमा हस्ताक्षर गर्ने तथा यस सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**निर्णय :** लक्ष्मी लघुवित्त वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ"वर्गका लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि उपयुक्त लघुवित्त संस्था पहिचान गर्ने, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्त गरी पारिश्रमिक तोक्न तथा सहमतीपत्रमा हस्ताक्षर गर्ने तथा यस सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पनि सर्वसम्मतीले पारीत गऱ्यो ।

**(ग). विविध प्रस्ताव सम्बन्धी निर्णय :**

विविध शिर्षक अन्तर्गत निर्णय गर्नु पर्ने कुनै प्रस्ताव साधारण सभामा नभएको/नआएकोले यस सम्बन्धमा कुनै निर्णय भएन ।

**१४. धन्यवाद ज्ञापन :**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्ष ज्यूले शेयरधनी महानुभावहरुले सभामा भाग लिई सबै प्रस्तावहरु सर्वसम्मतीले पारीत गर्न सहयोग गरी चौधौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न योगदान गर्नु भएकोमा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**१५. सभा बिसर्जन :**

तत्पश्चात अध्यक्ष ज्यूले साधारण सभा सञ्चालन गर्न उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि धन्यबाद ज्ञापन गर्नुको साथै साधारण सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई धन्यवाद दिदै सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

(सुन्दर प्रसाद श्रेष्ठ)
कम्पनी सचिव

Laxmi Laghubitta Bittiya Sanstha Limited * लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड *

(अपुछ कुमार यादव )
अध्यक्ष, सञ्चालक समिति

मितिः २०८२/०९/२९
काठमाडौं ।